Generated by Foxit PDF Creator © Foxit Software
http://www.foxitsoftware.com For evaluation only.

परिवर्तनको लागि

# क्राईम अपरेशन

CRIME OPERATION साप्ताहिक

❑ वर्ष ८ ❑ अंक २४ २०७६ पौष २७ गते आइतवार Sunday 12, JAN, 2020 ❑ पृष्ठ: ६, ❑ मूल्य रु. १०/-

सुचना ! सुचना ! सुचना !

सड्क क्षेत्रको दायाँ बायाँमा रहेका रुखहरु काट्नु सार्वजनिक अपराध हो । यसरी रुखहरु काटिएको पाईएमा नियम कानुन वमोजिम कारहवाही हुने व्यहोरा जानकारी गराउँद छौ । सडक हाम्रो सार्वजनिक सम्पत्ति हो, यसको संरक्षण र सम्वर्द्धन गरौं, सडक सफा राखौं र सडक अतिक्रमण हुनवाट जोगाऔं ।

केराबारी गाउँपालिकाको कार्यालय मोरंग

## नेपाल मिडिया काउन्सिल विधियकमाथि सरोकारवालासँग वृहत छलफल

हिरालाल साह

विराटनगर । नेपाल मिडिया काउन्सिल सम्वन्धी कानूनलाई संशोधन र एकिकरण गर्नको लागि वनेको विधेयक माथि सरोकार वालाहरु विच एक दिवसीय छलफल तथा अन्तरक्रिया कार्यक्रम प्रदेश नं. १ को राजधानी विराटनगरमा पौष २२ मंगलवारका दिन नेपाल कानून समाज प्रदेश नं. १ द्धारा सम्पन्न भएको छ ।

उक्त कार्यक्रममा न्याय, प्रशासन तथा विधायन समिति सभापति माननीय इन्द्र मणी पराजुलीको सभापतित्व तथा प्रदेश नं. १ का सभामुख प्रदीप कुमार भण्डारीको प्रमुख आतिथ्य रहेको थियो ।

संविधान सभा सदस्य एवं पूर्व मन्त्री वरिष्ठ अधिवक्त रमेश लेखकवाट विषय वस्तुको प्रस्तुतिकरणमा मिडिया काउन्सिल विधेयक संशोधन आवश्यक रहेको तथा सरकारले संशोधन गर्न तयार हुनुपर्ने वताए ।




नेपाल मिडिया काउन्सिल विधेकय माथिको छलपलका प्रमुख अतिथीहरु तस्वीर : श्याम सुन्दर सुतिहार

सो कार्यक्रममा विभिन्न संचार माध्यमका पत्रकारहरु, नागरिक समाज, कानुन व्यवसायी, मानव अधिकारकमी, प्रदेश र स्थानीय स्तरका प्रतिनिधी तथा सरकोकार वाला गैरसरकारी संस्था लगायतको सहभागीता रहेको थियो ।

सरोकारवालाहरुले संविधानले दिएको अधिव्यक्ति स्वतन्त्रताको हक, सूचनाको हक, संचारको हक र व्यक्तिको गोपनियताको हक लगायत मौलिकहकहरुलाई यस विधेयकले कुण्ठित पार्ने मनसायले ल्याएकोले विधेयकमा संशोधन आवश्यक रहेको वताए ।

सरकारले पटकपटक मुलुकी संहित ऐन, सूचना प्रविधि विधेयक

वांकी अन्तिम पेजमा...

## संघ, प्रदेश र स्थानीय तहको बुझाईमा फरक: मुख्यमन्त्री

विराटनगर । नेपाल नगर पालिका संघले संघ, प्रदेश र स्थानीय तहको संवैधानिक अधिकारको सवालमा अन्तर सरकार सम्वाद कार्यक्रमका प्रमुख अतिथी प्रदेश नं. १ का मुख्य मन्त्री शेरधन राईले संघ, प्रदेश र स्थानीय तहको बुझाई फरक रहेको वताएको छ ।

संविधान अनुसार एकल सुचीको अधिकारमा कुनै शंका नरहेको भएपनि साझा अधिकारको सुचीलाई एक अर्काले वाझीने गरी आ-आफ्नो ढंगले व्याख्या गरी ऐन नियमहरु वनाएकोले अधिकारहरु कुण्ठित भएको, प्रदेश १ को कानूनहरु वनाउंदा स्थानीय तहको

वांकी अन्तिम पेजमा...

## अधिकार कुण्ठिन गर्न उद्धत सरकार

विराटनगर । नेपाली कांग्रेसकी केन्द्रीय सदस्य तथा सांसद डा. डिला संग्रौलाले नेपाल कम्यूनिष्ट पार्टीका बहुमत प्राप्त सरकार जनताका अधिकार कुण्ठित गर्ने कानुन निर्माणमा उद्धत रहेको बताएकी छन् ।

नेपाल प्रेस युनियन मोरङले विराटनगरमा राष्ट्रिय सभाका उमेदवारसंग राखेको अन्तरसंवाद तथा पत्रकार सम्मेलनमा नेतृ संग्रौलाले भनिन्,''सामाजिक संजालदेखि जनताले गरेको कुराकानी समेत ट्यापिङ गर्ने कानुन निर्माणमा सरकार सक्रिय छ । कांग्रेसले गरेको विरोधका बाजदुत यो क्रम रोकिएको छैन् ।'' संग्रौलाले राष्ट्रिय सभा नैतिकवान, जिम्मेवार र विद्धत वर्ग पुग्ने ठाउँ भएकोले योग्य उमेदवारलाई जिताउन आह्वान गरिन ।

संग्रौलाले केपी ओलीले चुनावअघि राष्ट्रवादको रट लगाएको तर कालापानी र लिपियाधुराको विवाद उठ्दा भारतले कुटनीतिक रुपमा फुटनोट जारी गर्ने र ओली

वांकी अन्तिम पेजमा...

## सामाजिक काम गर्दै मारवाडी यूवा

विराटनगर । नेपाल राष्ट्रिय मारवाडी युवा संगठनले नवौं मारवाडी युवा स्थापना दिवसको उपलक्ष्यमा सराहनिय सामाजिक कामहरु सम्पन्न गरेको छ ।

नेपालमा १ सय २७ जाति मध्ये मारवाडी समुदायको समेत सोवास रेहका छ विशेष गरी मारवाडीहरुले व्यापार रहेता पनि सामाजिक कार्यमा पनि उक्तिकै भुमिका रहेको छ ।

स्थापन दिवसको अवसर पारेर नेपाललाई क, ख, ग, घ क्षेत्रमा विभाजन गरी विभिन्न सामाजिक कामहरु गरेको पत्रकार सम्मेलगरी संगठनका अध्यक्ष बजरंग अग्रवालले जानकारी गराएका थिए ।

अग्रवालका अनुसार क्षेत्र क अन्तर्गत विराटनगरको विराटेशवर वृद्धा आश्रमा खाद्यान्न, मेरीलेन्ड कलेज, जैन भवनमा ९० पिण्ड रक्त दान, युवा संगम, शानित पद यात्रा, कम्वल वितरण इटहरीमा रु. १५ मा भरपेट खाना, रंगेलीको अस्पतालमा १५ थान कम्वल तथा विरामीलाई फलफुल वितरण इनरुवाको अस्पतालमा फलफुल वितरण, धरानमा ३१ पिण्ड रक्त दान, धरानको मंगलवारे अनाथ आश्रममा खाद्यान्न वितरण, दुहवीमा निसहाय बालवालिका सेवा आश्रममा खाद्यान्न वितरण, दमकमा बनभोज तथा गौसालका खाद्यान्न वितरण, धुलावारीमा मग्रमाढी अनाथ बाल आश्रममा खाद्यान्न वितरण, भद्रपुरमा प्रभात फेरी मोटर साइकल ऱ्याली, २० पिण्ड रक्तदान, उर्लावारीमा बनभोज, विर्तामोड करागारमा ३० लिटरको स्टिलको पानी फिल्टर ३ थान, ८ एम एम हिट फाम ३ थान, सेनिटरी पेड १ सय थान प्रति महिला दुई पैकेट, ६० लिटरको डसवीन ५ पीस र फलफुल वितरण गरेका छन् ।

त्यसैगरी क्षेत्र ख को जनकपुरमा प्रभातफेरी, आको माया छात्रावासमा खाद्यन्न, कपडा, खेलकुद तथा स्टेशनरी सामग्री वितरणका साथै वक्तृत्वकला प्रतियोगिता, हनुमान नगरमा श्री राष्ट्रि मनिदेवी बाबुलाल अग्रवाल आधारभूत विद्यालयमा फलफुल वितरण, राजविराजमा प्रभात फेरी, लहानमा नेपाल रेडक्रम सोसाइटी रक्त संचार केन्द्रमा फलफुल वितरण र कलैयामा विभिन्न कार्यक्रम गरी युवा दिवस मनाइएको जानकारी गराएका छ ।

क्षेत्र नं. ग को नारायणघाटमा ८० पिण्ड रक्तदान, मायाको छात्रावासमा फलफुल वितरण,

वांकी अन्तिम पेजमा...







पूर्वाञ्चलको पहिलो र एक मात्र ट्रमा सेन्टर

MAX INTERNATIONAL HOSPITAL & TRAUMA CENTER (P.) Ltd.

Maximum care for life

Mahendra Chowk, Biratnagar-11, Morang (Nepal), Ph: 021521155/56, 9852027895

Generated by Foxit PDF Creator © Foxit Software
http://www.foxitsoftware.com For evaluation only.



## नेपाल...

र मिडिया विधेयकले सरकार स्वेकच्छा चारी ढंगले वढेकोमा लोकतन्त्र नै खतरामा परेको भन्दै चिन्ता व्यक्त गरेका थिए ।

उक्त कार्यक्रमा समूहगत विभाजन गरी दण्ड जरीवाना खारेज हुनु पर्ने, विधेयक गठन प्रक्रियामा सरकारले नै नियुक्ति गर्ने प्रावधान गलत रहेको, प्रदेश स्तर मिडिया काउन्सिल गठन हुनु पर्ने, काम कर्तव्य र अधिकारको दफामा स्वतन्त्र न्याय पालिकाको अधिकार खोसिने भएकोले सरकार भन्दा अदालतको भूमिका स्पष्ट रहनु पर्ने गठन प्रक्रिया पूर्ण समानुपातिक हुनु पर्ने, समानुपाति विज्ञापन प्रणाली लागु हुनु पर्ने, प्रेसलाई पुर्ण स्वतन्त्रता हुनु पर्ने, पिडक र पिडितको ख्याल राखी न्याय निरुपन हुनु पर्ने लगायतका सुझावहरु दिएका थिए ।

सो छलफल कार्यक्रमा राष्ट्रिय सभाका माननीय शेर वाहदुर केसी, राष्ट्रिय सभा समितिका सदस्य जितेन्द्र नारायण देव, प्रदेश नं. १ को उप सभामुख सरस्वती पोखरेल, समाजवादी पार्टीका केन्द्रिय सदस्य तथा प्रदेश नं. १ को सांसद जयराम यादव लगायतको उपस्थिति रहेको थियो ।

## संघ...

अधिकारको सवालमा वृहत छलफल गरेर कानूनहरु निर्माण गर्ने प्रतिवद्धता जाहेर गरेका थिए ।

त्यसै गरी प्रदेश नं. १ का सभामुख प्रदीप भण्डारीले स्थानीयको अधिकार संघ सरकारले खुम्च्याएको बुझाई भएतापनि त्यसता जटिलताहरुमा स्थानीय तहहरुले पनि एकल तथा साझा अधिकारलाई बुझ्न कन्जुस्याई गर्न नहुने तर्क राखेका थिए ।

विराटनगर महानगर पालिकाका मेयर भीम पराजुलीले सहभागी हरुलाई स्वागत गर्दै देशमा रहेको १ सय २३ वटा पुराना कानूनहरु खारेज गर्नुपर्ने, ३ सय २० वटा नयाँ कानुनहरु वन्नु पर्ने र नगरपालिकाको एकल अधिकारमा ५३ वटा कानुन वनाउनु पर्ने परिस्थीति रहेकोले संवैधानिक अदालतका भूमिका महत्व पूर्ण रहेको वताएका थिए ।

सोही कार्यक्रमा नेपाल नगरपालिका संघका केन्द्रिय अध्यक्ष तथा धुलिखेल नगरपाकिलाका मेयर अशोक रंनजीतले अनुसुची ९ मा रहेको साझा अधिकार १५ वटा रहेकोले ती अधिकारलाई संघले बलमिच्याई गरेको आरोप लगाएका थिए । त्यसैले अन्तर सम्वाद कार्यक्रमले तीनै तहमा देखिएको वाधाहरु फुकाउने विश्वास व्यक्त गर्दै आपसी समझदारीवाट समस्याको समाधान हुने वताउँदै कार्यक्रम समापन गरेका थिए ।

## अधिकार...

सरकारले पनि त्यही गरेको आरोप लगाइन । भनिन्,“केपी ओलीको राष्ट्रवाद फुटनोटमा अल्झिएको छ ।” संग्रौलाले सरकार जनता माझ अलोकप्रिय बन्दै गएको र उसले प्रतिबद्धता जनाएअनुसार काम गर्नै नसकेको स्पष्ट गरेका थिए ।

कांग्रेसले प्रदेश १ मा राजेन्द्र घिमिरे, मिना पुलामी मगर र निरबहादुर विश्वकर्मालाई उमेदवार बनाएको छ । पत्रकार सम्मेलनमा उमेदवार घिमिरेले आफ्नो उमेदवारी व्यवसायिक क्षेत्रको विकासका लागि पनि भएको बताए । भने,“व्यवसायिक क्षेत्रको प्रवर्द्धन अब जरुरी भइसकेको छ ।”

## सामाजिक...

प्रत्येक शनिवार निशुल्क भोजन, हेटौडामा वहिरा तथा सुस्त आधारभूत वद्यालयमा खाद्यान्न तथा चक्लेट वितरण, पोखरामा मानव सेवा आश्रममा खाद्यान्न वितरण गरेका छन् ।

त्यसैगरी क्षेत्र घ भैरहवामा प्राथमिक विद्यालयमा स्कुल स्वेटर र टोपी वितरण, संस्कृत विद्यालयमा नि:शुल्क भोजन, फुड फेस्टिभल २०२० मा मारवाडी परिकार संस्कृती झल्काउने स्टल, नेपालगंजमा वृक्षा रोपन ७५ थान र २९ पिण्ड रक्त दान, न्यानो लुगा वितरणका साथै नि:शुल्क दन्त चिकित्सा क्याप, बुटवलमा सरकारी विद्यालयमा १ महिनाको लाग निशुल्क खाजा व्यवस्थपन, धनगढीमा अपांग आश्रममा खाद्यान्न वितरण र परासीमा विभिनन कार्यक्रम गरी यूवा दिवस मनाएको संगठनका महासचिव मनोज अग्रवालले पत्रकार सम्मेलनमा वताएका थिए ।

नेपाल राष्ट्रिय मारवाडी युवा संगठनको स्थापन सन २०११ जनवरी ३ का दिन विराटनगरमा भएको थियो । सोही समय देखि प्रत्येक वर्ष स्थापना दिवसको अवसरमा सामाजिक कार्य गर्दै आएको कुरा यस्ता सामाजिक कार्य गर्नका लागि मातहतका २४ वटा मञ्चहरु मार्फत सक्रियताका साथ समाजिक कार्य सम्पनन गरेका कार्यक्रम संयोजक संदिप लालवानीले पत्रकार सम्मेलनमा जानकारी गराएका थिए ।

## सतासी...

रामहृदय यादव, लाला गुरुङ, लाक्पा जी शेर्पा, विकास शाक्य, सञ्चार किराती, सोना खटिक, सीता तुम्खेवा, सुशान्त गाहा मगर, हरिकला थापा, हिमेश विक, शिव सिंह, टिआर शर्मा, तारा पोखरेल, नविन नरसिंह नेपाली, ध्रुव ढकाल, प्रशान्त लामिछाने, केदार भट्टराई, यज्ञ कार्की, गणेश आचार्य, लक्ष्मीकान्त पनेरु, शिव बस्नेत, बासु थापा, क्यामबहादु विक, रामशरण नेपाली, अमृत सुवेदी, आरजु विष्ट, चित्र गुरुङ, राम विनय साह, ललन चौरासिया, नवराज भट्ट, रमेश पोखरेल, नारायण ज्ञवाली, प्रतिभा पराजुली, सुनिल बराल, नविन ढुंगाना, राजाराम पौडेल, सन्तोष गौतम, नारायण पाण्डे, मन क्षेत्री, सञ्जय महर्जन, अजित धिमाल, मनु मोक्तान, नारायण राई, भुपेन्द्र खुदाङ, बसन्त खड्का, दिनेश सुनार, शर्मिला वली, महेशराज जोशी, राजेश साह रहेका छन् ।

समाजवादीले नेपाल बौद्धिक पेसाकर्मी महासंघको घोषणासँगै प्रेस नेपालको पनि घोषणा गरेको छ । महासंघका पदाधिकारीहरुलाई अध्यक्षद्वय भट्टराई र यादवले सपथ खुवाएका थिए भने प्रेस नेपालका पदाधिकारीहरुलाई अध्यक्षद्वयले नभएर महासंघका इन्चार्ज नहेन्द्र प्रधानले शपथ खुवाएका थिए ।

वेबसाईट, होस्टिङ, अनलाईन रेडियो, एस.एम. एस. तथा एस.एम. एस. भोटिङका साथै सफ्टवेयर एप्स चाहिएमा हामीलाई सम्झनुहोस ।
सम्पर्क:
Websoft IT Nepal Pvt. Ltd.
Biratnagar, Morang
www.websoftitnepal.com
9842278940

# स्तन क्यान्सरको सफल शल्यक्रिया



बिराटनग । नोबेल शिक्षण अस्पतालमा स्तन क्यान्सरको सफल शल्यक्रिया गरिएको छ । मोरङको बेलबारी-४ लामपानेकी ४४ बर्षीया अलन कुमारी माझीको दाहिने स्तनमा भएको क्यान्सरको सफल शल्यक्रिया गरिएको छ ।

क्यान्सरको संक्रमण फैलिएको स्तन र काँखी मुनीको गाँठोसमेत शल्यक्रियाको माध्यमबाट सफलतापूर्वक निकालिएको नोबेल शिक्षण अस्पतालका शल्यचिकित्सक डा.ओम बिक्रम शाहले जानकारी गराएका थिए । माझीको स्तनमा करिव एक बर्ष अघि सानो घाउ निश्किएको थियो । त्यो बढ्दै गएपछि परिक्षण गराउँने क्रममा क्यान्सर भएको पत्ता लाग्यो ।

घाउको उपचारका लागि नोबेल आईपुगेका उनीहरु क्यान्सर ‘थ्री स्टेज’ मा पुगेको थाहा पाएपछि आत्तिएका थिए । तर, अन्तत शल्यक्रिया सफल भएपछि बिरामी र बिरामीका आफन्त हर्षित छन् । ‘क्यान्सर भएको थाहा पाउँदा अव के होला भनेर धेरै अत्तालिएका थियौ ।’ अनलकुमारीकी दिदी सविता‌देवीले भनिन् ‘अप्रेशन राम्रो भयो र बहिनी ठिक भएकाले धेरै खुशी लागेको छ ।’

नोबेलका शल्यचिकित्सक डा.शाह नेतृत्वको चिकित्सकहरुको टोलीले शल्यक्रिया गरेको थियो । शल्यक्रिया पश्चात अव बिरामीको किमो थेरापी र रेडियो थेरापी गराउँनु पर्ने डा.शाहले बताए । उनका अनुसार अप्रेशन गराउँन ढिलाई भएको भए क्यान्सरको संक्रमण शरिरका अन्य भागमासमेत फैलिएर बिरामीको ज्यान नै जान सक्थ्यो ।

तर, अप्रेशन पश्चात अब सोहि क्यान्सरकै कारण बिरामीको मृत्यु हुँने जोखिम टरेको डा.शाहको भनाई छ । नोबेलमा यसअघि पेनक्रियाज क्यान्सरको पनि सफल शल्यक्रिया गरिएको थियो । दक्ष चिकित्सक र अत्याधुनिक उपकरणका कारण नोबेलमा जटिल तथा दुर्लभ शल्यक्रिया पनि सफलतापूर्वक गरिदै आएको छ ।

**सुचना ! सुचना ! सुचना !**

सडक क्षेत्रको दायाँ बायाँमा रहेका रुखहरु काट्नु सार्वजनिक अपराध हो । यसरी रुखहरु काटिएको पाईएमा नियम कानुन बमोजिम कारहवाही हुने व्होरो जानकारी गराउँद छौं । सडक हाम्रो सार्वजनिक सम्पत्ति हो, यसको संरक्षण र सम्वर्द्धन गरौं, सडक सफा राखौं र सडक अतिक्रमण हुनवाट जोगाऔं ।

**कटहरी गाउँ पालिकाको कार्यालय मोरंग**

**सुचना ! सुचना ! सुचना !**

सडक क्षेत्रको दायाँ बायाँमा रहेका रुखहरु काट्नु सार्वजनिक अपराध हो । यसरी रुखहरु काटिएको पाईएमा नियम कानुन बमोजिम कारहवाही हुने व्होरो जानकारी गराउँद छौं । सडक हाम्रो सार्वजनिक सम्पत्ति हो, यसको संरक्षण र सम्वर्द्धन गरौं, सडक सफा राखौं र सडक अतिक्रमण हुनवाट जोगाऔं ।

**धनपालथान गाउँ पालिकाको कार्यालय मोरंग**




परिवर्तनको लागि क्राईम अपरेशन CRIME OPERATION साप्ताहिक
प्रवन्ध निर्देशक : हिरालाल साह ९८४२२०५८१६ सम्पादक/प्रकाशक:श्याम सुन्दर सुतिहार ९८४२०२७१४२,९८०७३५२२१३ कार्यालय विराटनगर-८ कम्प्युटर लेआउट:विजय कु.मण्डल मुद्रक:बाबा प्रिण्टर्स अफसेट प्रेस, विराटनगर-७ इमेल:crimeopration@gmail.com

Generated by Foxit PDF Creator © Foxit Software
http://www.foxitsoftware.com For evaluation only.



## सम्पादकीय

### पिछडावर्गको जातिहरुलाई सूचीकृत गर

नेपाल चार वर्ण ३६ जातको फूलवारी हो पृथ्वी नारायण साहले भनेका थिए तर अहिले नेपालमा १ सय २६ जाति रहेका छन् । ती जातीहरुलाई नेपाल सरकारले उच्चवर्ग, दलित र आदीवासी जनजाती गरी तीन किसिमले विभाजन गरेका छन् । ती तीनै वर्गमा नपर्ने करी ३ दर्जन जाति तराई मधेशमा बसोबास गर्ने बढई, कुशवाह, कुर्मी, कुम्हार, कहार, कमार, केवट, कानु, कलवार, तेली, नुनिया, बजिया, भेडिहर, माली, मल्लाह, मुलमान, बरई, यादव, राजभर, राजधोव, रौनियार, लोहार, लोध, सुडी, सैनि, सोनार, हलुवाई, हजाम, अमात, केवरत, वर्णवाल, जोगिया, विन, बेलदार, कालावाज, बोट, बडै, लहेरा मध्ये, बढई, केवत, तेली, नुनिया, मुसलमान, अमात, यादव, राजभर, सुडी लगायतका जातिहरुलाई कुनैपनि वर्गमा नराखी सरकारले यी जातिहरु माथि विभेद गरिएको छ ।

आदीवासी जनजाती, दलित र उच्चवर्ग जस्तै यी जातिहरुको संगठन नेपाल पिछडा वर्ग ओविसी महासंघ रहेको छ । बेला वखतमा अधिकारको लागि आन्दोलन गर्दै सरकारसंग विभिन्न समयमा सम्फौता समेत गरेको छ । तर ती सम्फौताहरु त्यसै गृह मन्त्रालय, स्थानीय विकास मन्त्रालयमा थन्किएको छ । अहिले नेकपाको बहुमत प्राप्त सरकार भएकोले यी जातिहरुलाई पनि अधिकार सम्पनन बनाई ती जातिहरुको नाम संविधानमा उल्लेख गराएमा ती जातिहरुको पनि उत्थानमा सहयोग पुग्ने र नेकपा सरकारको जुन मधेशमा आलोचना भई रहेको छ । ती आलोचनावाट समेत नेकपा मुक्त हुने छ । पिछडा वर्गको जातिलाई संविधानमा सुचीकृत गरेपछि मधेशी नामबाट राजनीतिक गर्ने मधेशवादी नेताको पनि चरित्र मधेशी पिछडावर्गको सामने आउने छ ।

नेपाली भूमिमा सदियौ देखि वसोवास गरेको छ । बेला वखतमा यी जातिहरु मध्ये केही जातिहरुले नेपालका शसन व्यवस्था समेत संचालन गरेको अवस्था हुँदा हुँदै वर्मा, सिक्कीमवाट आएकाहरुलाई संविधनमा सुचिकृत गरेको छ, ती जातिको आयोग गठन भएको छ तर शदियौ देखि बसोवास गरेर आएका पिछडा वर्गका जातिलाई संविधानमा सुचिकृत नगर्नु सरकारको ठूलो गल्ती छ । त्यसैले पिछडावर्गको जातिलाई संविधानिक अधिकार दिई जातीहरुको अनुसुचीमा समावेश गर्न आवश्यक रहेको छ अन्यथा फेरी पनि पिछडावर्गका नाम आन्दोलन छेडिने अवस्था आउन सक्छ ।

## साप्ताहिक राशिफल

**मेष (चु,चे,चो,ला,लि,लु,ले,लो,अ):तपाईका विरोधीहरु परास्त हुनका साथै मान सम्मान समेत मिल्ने योग रहेको छ। युवकयुवतीहरुका लागि नयां जीवन साथी मिल्ने छ।**

**वृष (इ,उ,ए,ओ,वा,वि,वु,वे,वो): आर्थिक पक्ष राम्रो रहेकाले व्यपार व्यवसायीवाट राम्रै लाभ मिल्ने तथा पारिवारिक सुख भ्रमणको योग समेत रहेको छ।**

**मिथुन** (क,कि,कु,घ,ङ,छ,के,को,ह) : आफन्त जनसंग खटपट मनमुटाउ गराउने योग छ। दाम्पत्य तथा प्रेमको विषयमा सामान्य अप्ठ्यारो हुने योग छ।

**कर्कट** (हि,हु,हे,हो,डा,डि,डु,डे,डो):मनमा अनावश्यक तर्ककुतर्कले डेरा जमाउने योग देखिन्छ। गरेको काम अरुले काट्न सक्ने देखिएकाले विचार पु-याएर काम गर्नु होला।

**सिंह** (मा,मि,मु,मे,मो,टा,टि,टु,टे): विद्यार्थी वर्गका लागि पढाईमा गहिरो लगाव हुनुका साथै बौद्धिक क्रियाकलापमा सहभागी गराउने योग छ।

**कन्या** (टो,प,पी,पू,ष,ण,ठ,पे,पो): शारिरीक अस्वस्थ्यताका साथै आलस्य बढ्ने योग रहेको छ। नाना तरहका अनावश्क विषयले मानसिक तनाव उत्पन्न गराउने देखिन्छ।

**तुला** (रा,री,रु,रे,रो,ता,ती,तु,ते):पारिवारिक चिन्ताले सताउने योग रहेको छ। भने उत्तरार्द्धमा सामान्य वादविवादमा पर्न सम्भावना रहेको छ।

**वृश्चिक** (तो,ना,नि,नु,ने,नो,या,यि,यु): आर्थिक पक्ष सवल रहेको छ। आत्मबल तथा पराक्रम बढेर जानाले प्रशस्त कार्य सम्पादन गर्ने क्षमता वढ्ने छ।


**धनु** (यो,भा,भी,भु,ध,फा,ढ,भे): मेवा मिष्ठान्नका परिकार प्राप्त हुने बेला छ। कृषि तथा कृषिजन्य व्यवसायमा लाभ हुनेछ।

**मकर** (भो,जा,जी,जु,जे,ख,खि,खु,खे,गा,गी):महिनाको पुर्वाधमा मित्रसहयोग,धनागमन तथा मनोरञ्जनको अवसर मिल्नेछ। भने उत्तरार्धमा मान हानि तथा अपमान आउनसक्ने छ।

**कुम्भ** (गु,गे,गो,सा,सी,सु,से,सो,द):सामाजिक कार्यमा सहभागी हुनुका साथै भोजभतेरमा तथा रमाईलो यात्राको सुवर्ण अवसर मिल्ने योग रहेको छ।

**मीन** (दी,दु,थ,झ,ञ,दे,दो,च,ची):शत्रुहरुको शिर निहुरिनेछ । भने वाद विवादमा विजय मिल्ने योग रहेको छ। पेट, आंखा तथा सामान्य शारीरिक अस्वस्थता देखापर्नेछ।

# सांसदहरुलाई ९ बुँदे ब्रिफिङ पेपर



अमित ढकाल

प्रिय सांसदज्यूहरू, संसदको हिउँदे अधिवेशन सुरू भएको छ । विकास समितिबाट पास भएको र संसदमा टेबल हुन लागेको सूचना प्रविधि विधेयकबारे धेरै प्रश्न उठेका छन् ।

त्यही विधेयकको पृष्ठभूमिमा तपाईंहरूलाई केन्द्रमा राखेर यो 'ब्रिफिङ पेपर' लेखेको छु, पढ्नुहुनेछ भन्ने आशा छ ।

१. तपाईहरू कानुन बनाउन जनताले चुनेका सर्वोच्च प्रतिनिधि हुनुहुन्छ । त्यसैले समाजलाई आवश्यक कानुन बनाउने तपाईंहरूको अधिकार र जिम्मेवारी दुवै हो भन्नेमा दुई मत छैन । तपाईंहरूले बनाउन लाग्नुभएको कानुन ठीक छ वा छैन भन्नेबारे आमनागरिकले चासो लिन र प्रश्न गर्न सक्छन् । कानुन बनाउने जत्तिकै तपाईंहरूको महत्वपूर्ण जिम्मेवारी हो, नागरिक चासो र प्रश्न सुन्नु, जायज चासो कानुनमा समेट्नु । त्यसपछि पो तपाईंहरू साँच्चिकै जनताका प्रतिनिधि ।

२. सूचना प्रविधि विधेयकमा धेरै समस्या छन् । सुधार्नुपर्ने विषय धेरै छन् । यो 'ब्रिफिङ पेपर' भने विधेयकले आमनागरिकको अभिव्यक्ति स्वतन्त्रताको मौलिक अधिकार कुन्ठित गर्ने विषयमा मात्र केन्द्रित छ ।

अभिव्यक्ति स्वतन्त्रताको दायरा फराकिलो छ । आमनागरिकले आफूलाई लागेका कुरा अभिव्यक्त गर्ने तरिकामा विविधता हुन्छ । कतिले चित्त नबुझेको र आफू असहमत भएको विषयमा तर्क पु-याएर लेख्ने र बोल्ने क्षमता राख्छन्। कतिले ठूलो स्वरमा बोल्छन, तर्कपूर्ण कुरा कम गर्छन् ।

कतिले गाली गर्लान, कतिले खिसिटिउरी । कतिले सामाजिक मर्यादा ख्यालसम्म नगरी मनपरी भन्छन, लेख्छन् । अभिव्यक्त गर्ने मानिसका आ-आफ्नै ल्याकत र तौरतरिका छन् ।

यसरी अभिव्यक्त कतिपय कुरा कतिपय ठाउँ र सन्दर्भमा अमर्यादित र अपाच्य लाग्छन् । अर्को ठाउँ र सन्दर्भमा ठीकै लाग्छन् ।

कति हदसम्मलाई ठीक मान्ने, कतिसम्म पचाउने ?

सामाजिक अन्तरक्रियाबाट समाजले आफैं निर्धारण र निरन्तर परिवर्तन गर्दै जान्छ । मान्छेका कुनै पनि आचरण वा मर्यादाका सीमा सर्वकालीक छैनन् । त्यसैले खुला समाजमा कानुनको सनासोले आममानिसका सानाभन्दा साना आचरण निर्धारण गर्न सकिन्न । त्यसो गर्न खोज्नु पनि हुन्न । लोकतान्त्रिक सरकारले त्यस्तो गर्ने प्रयत्न गर्दैन पनि ।

३. के त्यसो भए आममानिसलाई जे पनि बोल्न, भन्न, लेख्न छुट छ ?

छैन । अहिलेको हाम्रो संविधानले नै जे पनि बोल्न वा लेख्न छुट दिएको छैन । हामीले २०७४ सालमा ६४ वर्षपछि मुलुकी ऐन समयानुकूल परिस्कृत पर्‍यौं । त्यो कानुनले पनि छुट दिएको छैन । यी दुवैले अभिव्यक्ति स्वतन्त्रताको सीमा तोकेका छन् ।

संविधानले भन्छ - नेपालको सार्वभौमसत्ता, भौगोलिक अखण्डता, राष्ट्रियता र स्वाधीनतामा वा संघीय इकाइ वा विभिन्न जातजाति, धर्म, सम्प्रदायबीचको सु-सम्बन्धमा खलल पर्ने, जातीय भेदभाव वा छुवाछुत दुरुत्साहन गर्ने, श्रमप्रति अपहेलना गर्ने, गाली-बेइज्जती, अदालतको अपहेलना हुने, अपराध गर्न दुरुत्साहन गर्ने वा सार्वजनिक शिष्टाचार वा नैतिकता प्रतिकूल हुने कार्यमा मनासिब प्रतिबन्ध लगाउने गरी ऐन बनाउन रोक लगाएको मानिने छैन ।

त्यस्तै, मुलुकी संहितामा कसैले कसैको बेइज्जती गरे दुई वर्ष कैद वा बीस हजार रुपैयाँसम्म जरिवाना वा दुवै सजाय हुने व्यवस्था छ । संहिताले विद्युतीय वा अन्य आमसञ्चार माध्यमबाट गरिने बेइज्जतीलाई थप सजाय व्यवस्था गरेको छ । त्यस्तोमा थप एक वर्षसम्म कैद र दस हजार रुपैयाँसम्म जरिवाना हुनसक्ने छ ।

४. यसरी संविधान र मुलुकी संहिताले हाम्रो अभिव्यक्ति स्वतन्त्रताको सीमा प्रस्ट तोकेका छन् । सामाजिक सञ्जालमा उक्त सीमा नाघे थप सजायको कानुन छ । तर, सामाजिक सञ्जालमा लेखेकोलाई अहिलेको कानुनले समात्दैन भन्ने सफेद झूटमा टेक्दै सूचना प्रविधि विधेयकमा अभिव्यक्ति स्वतन्त्रतालाई थप कुन्ठित पार्ने प्रावधान राखिएको छ ।

यो विधेयकमा कुनै व्यक्तिलाई जिस्क्याउने, झुक्याउने, होच्याउने, हतोत्साही गर्ने गरी सामाजिक सञ्जालमा लेखे पाँच वर्ष कैद र १५ लाखसम्म जरिवाना वा दुवै सजाय हुने व्यवस्था छ ।

सांसदज्यूहरू, कसैले कसैलाई वा आमनागरिकले राजनीतिज्ञलाई जिस्क्याए वा होच्याएबापत् नेपालीले १५ लाख जरिवाना तिर्नुपर्ने र पाँच वर्ष जेल बस्नुपर्ने ? यो त्यति ठूलो अपराध हो? जिस्क्याएवापत नै १५ लाख तिर्ने नेपालीको आर्थिक हैसियत भइसक्यो ?

यो विधेयकका सूत्रधार सूचना तथा सञ्चारमन्त्री गोकुल बाँस्कोटा भन्छेछन, 'एकपटक होइन, निरन्तर जिस्क्यायो, होच्यायो भने सजाय भोग्ने हो ।'

सञ्चार मन्त्रालयले बनाएको विधेयकको मस्यौदामा 'निरन्तर' भन्ने शब्द थिएन । धेरै आलोचना पछि संसदीय समितिले त्यो थप्यो। अहिले मन्त्री बाँस्कोटा त्यही 'निरन्तर' शब्द समातेर आफ्नो र विधेयकको बचाउ गर्दैछन् ।

यो मुलुकमा दशकौंदेखि जसको सरकार आए पनि बेथिति निरन्तर छ, कुशासन निरन्तर छ, नातावाद निरन्तर छ, आसेपासेलाई राष्ट्रिय श्रोत दोहन गर्न दिने प्रवृत्ति निरन्तर छ, भ्रष्टाचार निरन्तर छ र भ्रष्टाचार गर्ने नेता-कार्यकर्तालाई पार्टीहरूले दिने उन्मुक्ति निरन्तर छ ।

अनि आमनागरिकले भने त्यही बेथिति समातेर राजनीतिज्ञलाई निरन्तर जिस्क्याए जेल जानुपर्ने ?

प्रधानमन्त्रीले पुसमा भारतबाट पानीजहाज आइहाल्छ, माघमा चीनबाट रेल आइपुग्छ भन्नेजस्ता भाषण निरन्तर गर्न मिल्ने, आममानिसले भने कागजको पानीजहाज बनाएर एकपटकभन्दा बढी सामाजिक सञ्जालमा राख्न नमिल्ने ?

तपाई बहुसंख्यक सांसदहरू नेकपाकै हुनुहुन्छ, सरकार तपाईंहरूकै पार्टीको छ । तपाईंहरूले पनि एकपटक गम्नुहोला- सरकारको ध्यान दशकौंदेखि जारी बेथितिको निरन्तरता तोड्नमा केन्द्रित हुने कि आमनागरिकबाट निरन्तर हुने आलोचनाको मुख थुन्न ?

तपाईहरूले विचार गर्नुहोला, अहिलेको मूल समस्या के हो ? सरकारको प्राथमिकता के हो ? आमनागरिकसँग झगडामा अल्झेर पार्टीको हित हुन्छ कि आममानिसले दैनिक भोगेका बेथितिसँग जुधेर ?

५. जघन्य फौजदारी अपराधमा मुलुकी संहिताले गरेको सजाय व्यवस्था र यो विधेयकले सामाजिक सञ्जालमा लेखेबापत् गरेको सजाय व्यवस्था दाँजेर हेर्‍यो भने यसको अभीष्ट प्रस्ट हुन्छ ।

मुलुकी संहितामा राष्ट्रप्रमुख ( राष्ट्रपति) माथि कुनै किसिमले आक्रमण गर्न वा गराउन लगाए पाँचदेखि दस वर्षसम्म कैद व्यवस्था छ ।

त्यस्तै, कसैले कसैलाई कुटपिट गरेर अंगभंग पारेको अवस्थामा संहिताले एक वर्ष कैद र दस हजार रूपैयाँ जरिवाना व्यवस्था गरेको छ । कसैले आँखै फुटाइदियो भने पनि सजाय यही हो ।

करणी उद्योगजस्तो जघन्य अपराध गर्नेलाई सजाय व्यवस्था हेरौं-कुनै वयस्क महिलालाई बलात्कार प्रयास गर्नेलाई साढे तीनदेखि पाँच वर्षसम्म जेल हुने व्यवस्था फौजदारी संहितामा छ । तर, सामाजिक सञ्जालमा कसैलाई जिस्क्याए र लेखेमा पाँच वर्ष जेल र १५ लाख जरिवाना व्यवस्था छ ।

सामाजिक सञ्जालमा कसैलाई जिस्क्याउने 'अपराध' कसैलाई अंगभंग हुने गरी पिट्ने वा करणी उद्योगभन्दा पनि ठूलो हो ?

६. सांसदज्यूहरू, तपाईंहरू यसलाई सजायको मात्रा धेरै वा थोरै भन्ने कोणबाट मात्र नहेर्नु होला । मूल कुरा, सूचना प्रविधि विधेयकमा अभिव्यक्ति स्वतन्त्रताको विषय मिसाउन पाइन्न। भारतमा यस्तै एउटा कानुन सर्वोच्च अदालतले भर्खरै खारेज गरिदिएको छ ।

भारतको सूचना प्रविधि कानुनको धारा ६६ को 'ए' मा 'कम्प्युटरको माध्यमबाट कसैले पनि आक्रामक र धम्कीपूर्ण सन्देश प्रवाह गर्न नहुने' प्रावधान थियो । उक्त प्रावधान सरकारले आफूअनुकूल प्रयोग गर्दै आएको थियो ।

भारतमा कानुन पढ्ने श्रेया सिंघलले सूचना प्रविधि विधेयकको धारा ६६ को 'ए' खारेज माग गर्दै मुद्दा दायर गरिन् । भारतको सर्वोच्च अदालतका न्यायाधीश जे चेलामेश्वर र रोहिन्टन एफ नरिमनले उक्त धारामा अस्पष्टता भएको र संविधानप्रदत्त अभिव्यक्ति स्वतन्त्रता हनन् भएको भन्दै खारेज गरिदिए ।

अदालतले स्पष्ट शब्दमा अभिव्यक्ति स्वतन्त्रता माध्यम (

बांकी पेज ५ मा...

## केही महत्व पूर्ण टेलिफोन नम्बरहरु

**दमकल**

विराटनगर बारुणयन्त्र ४२००००
इटहरी बारुणयन्त्र ५८०१०१
धरान बारुणयन्त्र ५२०१९९
इनरुवा बारुणयन्त्र ५६०१०१
दमक बारुणयन्त्र ०२३-५८०१०१
भद्रपुर बारुणयन्त्र ०२३-५२०१०१

**एम्बुलेन्स सेवा**

जिविस मोरङ ५३६३५३
नेरेसो रंगेली ५८००४८
विराटनगर महा न.पा. ५२२२३६

**अस्पताल**

कोशी अ.इमरजेन्सी ५२४२३४
रंगेली अस्पताल ५८००४८
आखा अस्पताल ५२३७०६
सुरक्षा अस्पताल प्रा.लि. ०२१-५३६९४१, ५२२८७७ एम्बुलेन्स
९८०२७५३७१७, ९८०२७५३७०६

**प्रहरी**

पूर्वाञ्चल क्षे.प्र.का. ४३५००१
जिल्ला प्रहरी कार्यालय
५३०३५८, ५३९०१,१००
नगर प्र.का.. विराटनगर
५२१८५०, ५३०३६७, ११०,
इ.प्र.का. रंगेली
८०१००/८०१३०
इ.प्र.का. उर्लाबारी ५४०००२
सिमा प्रहरी चौकी ४३५८४०

Generated by Foxit PDF Creator © Foxit Software
http://www.foxitsoftware.com For evaluation only.



# सुख-शान्तिको चाहना


प्रेम रावत

मानिसले यो संसारमा जति पनि कार्य गर्दछ, उसले आफ्नो सुख शान्तिका निम्ति गर्दछ । उसका धारणा हुन्छन् : यदि मैले यस्तो कुरालाई हासिल गरेँ या मलाई यस्तो कुरा प्राप्त भयो भने यसबाट मेरो जीवनमा सुख आउनेछ, जीवनमा शान्ति प्राप्त हुनेछ । सारा संसारका मानिसहरू यही कुराका लागि यताउता दौडिरहेका छन् । कोही छोरा होस् भन्नेचाहनाकापछि दौडिन्छन्, कोही आफ्नो व्यवसायका पछि दौडिन्छन् । कोही कुनै कुराका पछि त कोही कुनै कुराका पछि दौडिरहन्छन् ।

मानिसले जे-जे गरिरहे को छ, त्यो आफ्नो सुख-शान्तिका लागि गरिरहेको छ । उभित्र जुन सुख-शान्तिको चाहना छ, जुन इच्छा छ, त्यो कहाँबाट आयो ? त्यो इच्छालाई कसले उत्पन्न गरायो ? यो कुरा हामीले आफ्नो जिन्दगीमा सिकेका हौँ कि प्राकृतिक रूपमा पहिलेदेखि नै छ । कुनै कुराहरू स्वाभाविक हुन्छन् अनि कुनै कुरालाई सिक्नुपर्छ । कतिपय कुराहरू सिक्नका लागि हामीले विद्यालय, विश्वविद्यालय, ठूला-ठूला शिक्षण संस्थाहरूमा जानुपर्ने हुन्छ । त्यहाँ सिकेपश्चात् हाम्रा इच्छा, कामना, आकाङ्क्षाहरू उत्पन्न हुन्छन् । कैयौँ ठूला-ठूला विज्ञापन अनि पोस्टरहरू देख्छौँ, हामीलाई साथीले केही बताउँछ, हामीलाई मित्रहरुले केही बताउँछन्, अनि हामी सिक्छौँ, हाम्रा इच्छाहरू उत्पन्न हुन्छन् । तर, केही यस्ता इच्छाहरू हुन्छन् जसलाई हामीले सिक्नुपर्दैन, ती स्वाभाविक हुन्छन् । जस्तो कि भोक लाग्नु स्वाभाविक कुरा हो । यसका लागि हामीले कतै गएर सिक्नुपर्दैन ।खानाको आवश्यकता परेपछि शरीरले हामीलाई बताउँछ - 'खाना खाऊ!' सृष्टिकर्ताले पहिला नै यस्तो प्रबन्ध मिलाएका छन् । किनकि, उनलाई थाहा थियो- हुन सक्छ मानिस मायामा यति फस्न सक्छ त्यतिबेला उसले आफ्नै शरीरलाई समेत ख्याल गर्दैन । त्यसकारण मानिसमा भोक जगाइयो । भोक लागेपछि खाने इच्छा उत्पन्न हुन्छ अनि मानिसलेखानाको खोजी गर्दछ । यो प्राकृतिक कुरा हो । यसलाई सिक्नु पर्दैन । तिर्खा लाग्छ अनि मानिसले पानी पिउँछ । के वास्तविक सुख-शान्तिको चाहना नैसर्गिक हो या सिकिएको हो?यो स्वाभाविक तिर्खा हो । यो भित्रको तिर्खा हो । बाहिरी समस्याको समाधान बाहिर नै प्राप्त हुन्छ, त्यस्तै गरेर भित्रको चाहना, हृदयको प्यास, वास्तविक सुख-शान्तिलाई पाउने तिर्खाको समाधान पनि तपाईँले आफैँभित्र पाउनुहुनेछ, बाहिर होइन ।

यदि हामीलाई पानीको आवश्यकता पर्छ, पानी प्राप्त गर्ने प्यास जाग्छ अनि हामी पानी खोज्न थाल्छौँ, पानीको स्रोतलाई खोज्न थाल्छौँ । कुवा, नदी या झरनालाई खोज्न थाल्छौँ। त्यस्तै गरेर यो कुरालाई बुझ्नु आवश्यक छः जुन चीजलाई हामी खोजिरहेका छौँ, हामी जीवनमा जुन सुखलाई चाहन्छौँ, त्यो कहाँ छ ? त्यो चीज, त्यो सुख हामीभित्रै छ । तर, हामी त्यसलाई बाहिर खोजिरहेको छौँ ।

हामी सोच्छौँ, हाम्रो उन्नति भयो भने हामीलाई सुख-शान्ति प्राप्त हुनेछ । तर,हाम्रो हृदयले खोजेको सुख त्यो सुख होइन । त्यो सुख फरक छ । यदि हामीले-'मलाई पारिवारिक सुख प्राप्त भएपछि मेरो हृदयलाई आनन्द हुनेछ' भनेर भनिरहन थाल्यौँ भने यो कुरा पनि गलत हो । बाहिरका सबै सुख हुँदाहुँदै पनि एउटा यस्तो सुख छ, जसलाई नजानी, नबुझीकन मानिसको जीवन अधुरो हुन्छ । आन्तरिक सुखको चाहनारूपी बीउलाई सृष्टिकर्ताले तपाईंको हृदयमा राखेका छन्- साँचो सुख र शान्तिलाई कहाँ छ भनेर खोज्नुहोस्, जान्नुहोस् अनि पहिचानगर्नुहोस् भनेर ।

हृदयलाई हरेक दिन, हरेक क्षण शान्तिको आवश्यकता छ । मानिसहरू शान्तिको कुरा गर्छन् । भन्छन्, "विश्वमा शान्ति हुनुपर्छ ।" म भन्छु, विश्वमाशान्ति होइन, तपाईंको हृदयमा शान्ति हुनुपर्छ । विश्वलाईशान्ति चाहिएको कहाँ हो र? विश्वमा को छन् ? मानिस नै त छन् ! अरू को छन् ?

यो भनाइ हो- मानवता र शान्तिका बारेमा चर्चा गर्नुहुने अन्तर्राष्ट्रिय वक्ता प्रेम रावतको । यस कार्यका लागि कैयौँ सरकारी एवम् शैक्षिक संस्थाहरुद्वारा उहाँलाई 'शान्तिदूत' को उपाधि प्रदान गरिएको छ । आफ्नो सन्देशको चर्चाका साथसाथै उहाँले मानिसहरूलाई आत्म-सम्मान, शान्ति र समृद्धिकासाथ जीवनयापन गर्नलाई मद्दत गर्ने उद्देश्यले 'द प्रेम रावत फाउन्डेसन' नामक एउटा परोपकारी संस्था पनि सञ्चालन गर्नुभएको छ । यो संस्थाको विभिन्न परियोजनामध्ये एउटा हो - 'जनभोजन कार्यक्रम' जसअन्तर्गत आवश्यक पर्ने मानिसहरूतथा बालबालिकाहरुलाई दैनिक पोषणयुक्त भोजन तथा स्वच्छ खाने पानी उपलब्ध गराइन्छ । प्रेम रावत फाउन्डेसनले अन्य ठूला परोपकारी संस्थासँग सहकार्य गरेर विश्वभरि नै प्राकृतिक विपत्तिमा राहत प्रदान गर्ने कार्यमा सहयोग पनि गर्दछ ।

प्रेम रावतको सन्देश www.premrawat.com/ www.timelesstoday.tv वेवसाइटहरुमापनि उपलब्ध छ । प्रतिक्रियाको लागि agps@mo s.com.np

## मगही भाषा

### मगही भाषा के कविता

#### लोडसेटिङ्ग बइरगेल

मतियातेल ऐलै जवाना
लाइलटेन फेमश भेल ।
लाइन अइबते जगमग दिप,
संसार आलाक भगेल ।
लोकके खुशी होइतेमे,
लोड सेटिङ्गभगेल-२
मटिया तेलके गेलै जवना
ललटेन डिबया हरागेल ।
अपन के लाइन बेच, लोडसेटिङ्ग
भगेल-२
लाइनक ढौवा खा-खा क
मंत्री मोट भैस भगेल ।
पसिना स हकमत हकमत, कतेक
लोगप मोइरगेल ।
तैयो इ बजरखसुवा लाइन,
लोडसेटिङ्ग भगेल-२
लालु या सोनियाके हटा, मोदी
प्रधानमंत्री भगेल
मोदीके षडयन्त्रसे नेपालमे
लोड सेटिङ बइरगेल-२
कोइलाके गेलै जवना
लाइनसे रेल चइलगेल ।
गर्मीके चल्ते देखैछीत,
लोकके बाली जइरगेल ।
जार महिना बरफ जमल, गर्मी महिना
पाइन कम भगेल ।
नेपालेक लोडसेटिङ्ग कम करत-करत,
लोडसेटिङ्ग भगेल-२
मटियातेलके गेलै जवना
लाइलटेन फेमसभेल ।
लाइन अइवेत जगमग दिपाक,
लोडसेटिङ्ग भगेल-२

**फुलगेन महतो**




दुग्ध विकास संस्थान विराटनगर

धुम्रपान
र मध्यपान
आजै देखि
त्यागौं र
निरोगी रहौं ।

कर तिरौं, राजश्व बढाऔं
कर तिर्नु कानूनी अधिकार मात्र नभएर सम्मान पाउने अवसर पनि हो । त्यसैले कर तिरौं देशको राजश्व बढाऔं ।
स्थायी लेखा नम्बर लिनुहोस ढुक्क भएर व्यवसाय सञ्चालन गर्नुहोस् ।
लेखा राखौं हिसाबमा भर, हचुवामै नतिरौं कर
कर्तव्य ठानेर कर तिरौं नव नेपाल निर्माणमा सहभागी बनौं ।
सामान किनौं गतिलो छानेर बिल मागौं अधिकार ठानेर ।
अन्तरिक राजश्व कार्यालय विराटनगर

खुल्यो ! खुल्यो !! खुल्यो !!!
सम्पूर्ण विशेषज्ञ सेवा सुविधाको साथमा वर्षै भरी डाईविटीज र प्रेसरको निःशुल्क जाँच गर्ने विराटनगरको घोघापुल चौक विराटनर-९ मा २०७६ साल असोज १ देखि जनरल हस्पिटल एण्ड ट्रमा केयर सेन्टर प्रा.लि. संचालन ल्याएको सहर्ष जानकारी गराउँदछौ ।
विशेषज्ञ सेवाहरु :- फिजिसियन तथा कार्डियोलोजि सेवा, हार्ड जोड्नी तथा नशा र बाथ रोग, नवजात शिशु तथा बालरोग, प्रसुती तथा स्त्री रोग, नाक, कान तथा घाँटी रोग, दन्त तथा मुख रोग,छाला कुष्ठ तथा यौन रोग, फिजियोथेरापी, मानसिक तथा नशा रोग, किड्नी पत्थरी तथा मुत्र रोग, आइ.सी.यू , एन.आइ. सी.यू, पि आइ.सी.यू, भेनटिलेटर, एक्सरे, अल्ट्रासाउण्ड, सर्जरी, इन्डोस्कोपी, टि.एम.टी, इकोकार्डियोग्राफी, होल्टर, इ.सी.जी.,ई.ई.जि., समान्य स्वास्थ्य परिक्षण र मधुमेहको परामर्श सेवा उपलब्ध छ ।
जनरल हस्पिटल एण्ड ट्रमा केयर सेन्टर प्रा.लि. सम्पर्क : ०२१-४४०४०६०

Generated by Foxit PDF Creator © Foxit Software
http://www.foxitsoftware.com For evaluation only.



# निर्णायक तहमा पुग्नै मुस्किल

**माया के सी**

बुटवल। मनोरमा शेरचनले उमेरले ७२ औं बसन्त पार गरिन्। कपाल फुलेर सेतै छ। तर पार्र्टीमा उनको क्रियाशीलता अहिले पनि उत्तिकै छ। नेपाली कांग्रेसको साधारण सदस्यबाट पार्टी प्रवेश गरि जिल्ला सदस्य, जिल्ला कोषाध्यक्ष, जिल्ला उपाध्यक्ष, कार्यवाहक सभापति हुँदै महाधिवेशन प्रतिनिधिका रुपमा जिम्मेवारी सम्हालिसकेकी उनी मुलुकको आमूल परिर्वतन राजनीतिबाट मात्रै सम्भव छ भन्ने विश्वास गर्छिन्। त्यही सोचबाट प्रभावित उनी विद्यार्थी जीवनदेखि नै राजनीतिक यात्रामा लागेकी हुन्।

तर राजनीतिमा मनोरमाले कल्पना गरे जस्तो परिर्वतन भने नहुदोरहेछ। "पार्टीमा लामो राजनीतिक यात्रा पार गरे पनि महिला भएकै कारण अगाडि बढ्न दिइएन," मनोरमाले भनिन, "मुलुकमा धेरै राजनीतिक परिर्वतन भए, तर राजनीतिमा महिलालाई हेर्ने दृष्टिकोण परिर्वतन भएन।" महिला हरेक हिसाबले सक्षम भए पनि योग्यताको सम्मान खासै नहुने गरेको गुनासोसहितका केही घटना सुनाइन् उनले। 'म भन्दा पछि पार्टीमा सदस्यता लिएका पुरुषहरूले देश हाक्ने जिम्मेवारी पाएका छन्। तर म निरीहजस्तै,' उनले भनिन्।

मनोरमाका भनाइमा उनले पार्टीप्रतिको जिम्मेवारी सधैं निष्ठापूर्वक निर्वाह गरिन्। हरेक चुनावमा पुरुषका लागि भोट माग्न हिँडिन्। मतदातालाई आकर्षित गर्न घर घरमा पुगेर मत मागिन्। "अहिलेसम्मका निर्वाचनमा पुरुष उम्मेवारका लागि धेरै पटक मत मागियो। तर आफू सक्षम हुदाँहुदै पनि उम्मेदवार हुन दिइएन। यो वा त्यो बहानामा सधैं कार्यकर्तामात्रै बनाइयो। आफनो लागि मत माग्ने अवसर कहिल्यै आएन," उनले गुनासो पोखिन, "महिला उम्मेदवार भन्दा नेतालाई भोट माग्ने कार्यकर्तामात्रै हुन् भन्ने पुरुषवादी चिन्तनले मजस्ता महिला पार्टीभित्र जहिल्यै पाखा पारिए। यो लैंगिक विभेद हो।" महिला भएकै कारण निर्वाचनमा उम्मेदवारका लागि योग्य नठानिने पितृसत्तात्मक सोचका विरुद्ध अबको पुस्ताले आन्दोलन नै गर्न जरुरी रहेको उनले सुझाव दिइन्।

सावित्रा अर्याल राजनीतिमा परिचित नाम हो। पार्टीका हरेक कार्यक्रममा खट्छिन्। तर पार्टीको निर्णायक तहमा पुग्ने अवसर अहिलेसम्म उनलाई पनि जुरेको छैन।

सावित्रा अर्याल

२०३६ सालबाट नेकपा एमालेको राजनीतिक यात्रा शुरु गरेकी अर्यालसंग अहिलेसम्म पुरुषकै लागि मत माग्ने सिढी मात्रै बन्नु परेको अनुभव छ। समावेशीका कुरा भाषणमा मात्रै छन, व्यवहारमा लागु नभएको उनको गुनासो छ। निर्वाचनमा भोट दिनेमा महिला बढी हुदाँहुदै पनि महिलालाई उम्मेदवार बन्ने अवसर अत्यन्न कम मात्रामा हुने गरेको उनको बुझाई छ। उनी भन्छि," यदि पार्टीको निर्णायक तहमा महिलाहरु भइदिएको भए महिला उम्मेदवार पक्कै पनि धेरै हुन्थे होलान्। निर्वाचनमा महिला उम्मेदवार हुँदै नहुनु र हुँदा पनि अत्यन्त न्यून हुनु भनेको उम्मेदवारको टुंगो लगाउँदा त्यहाँ महिला सहभागिता नभएरै हो।"

पार्टीभित्र हाबी रहेको लैंगिक विभेदको अन्त्यका लागि समानुपातिक समावेशी सिद्धान्त पार्टीहरूबाट नै लागु हुन जरुरी रहेको उनी बताउछिन्। महिलाहरूलाई चुनावी सभालाई सम्बोधन गर्ने अवसर अत्यन्त कम दिईन्छ। तर त्यो पनि पुरुष वक्ता कम भएमा। उनी भन्छिन, "वास्तममा महिलालाई यत्ति नै हो राजनीतिमा अवसर। जित्ने सुनिश्चित हुदाँहुदै पनि उम्मेदवार हुने अवसर दिईदैन। केही गरेर उम्मेदवार बनाइहाले भने जहाँ पार्टीको संगठन नै छैन, पराजय निश्चित छ, त्यहाँ मात्र अवसर दिईन्छ।"

मुलुकमा सञ्चालित तीन तहका सरकार मध्ये जनतासँग प्रत्यक्ष सम्बन्ध रहने स्थानीय सरकारको गठन प्रक्रियामा संविधानले अनिवार्य गरेका कारण मात्रै स्थानीय सरकारमा महिला सहभागिता भेटिन्छ।

हुन त देशभरका स्थानीय निकायको न्यायिक समिति संयोजक महिला धेरै छन्। उपप्रमुख नै न्यायिक समिति संयोजक हुने संवैधानिक व्यवस्था अनुसार त्यहाँ महिलाको संख्या धेरै देखिएको हो। संयोजक महिला भएका कारण हेपेर नै अधिकाशं स्थानीय सरकारहरूले न्यायिक समितिमा इजलासको व्यवस्था नगरेको महिला जनप्रतिनिधिहरूको गुनासो छ।

मञ्जु थापाले शंकर नगरबाट तिलोत्तमा नगरपालिकामा महिला सदस्यको रुपमा प्रतिनिधित्व गरेकी छन्। उनी आफूलाई निर्वाचित जनप्रतिनिधिका रुपमा प्रस्तुत गर्न पाउदा गर्व महसुस गर्छिन्। क्षमताको हिसाबले आफू कोही भन्दा कम नहुदा पनि प्रमुख पदका लागि पार्टीले कहिल्यै विचार नगरेको उनको गुनासो छ। "पार्टीले यस्तो किन गर्छ त भन्दा म महिला हो" उनले भनिन, "यसबाटै पनि प्रष्ट हुन्छ की, पार्टीभित्र चरम लैंगिक विभेद छ।" संविधानले अधिकार दिएका कारण मात्रै महिलाहरूले स्थानीय निकायमा प्रमुख वा उपप्रमुख हुने अवसर पाएको भन्दै उनले भनिन, "बैठकमा बोलाईन्छ। आफ्नो विचार पनि राखिन्छ। तर कुरा जतिनै जायज होस, निणार्यक रुपमा कहिल्यै लागु हुदैन।" महिला भएकै कारण महिलाले उठाएका विषय बस्तुमाथि कहिल्यै गम्भीर रुपमा छलफल नहुने गरेको उनले दुखेसो छ।

मञ्जु भुसाल

निर्वाचनका समयमा आफ्नो लागि पनि मत माग्न मतदाताको घरघरमा पुग्ने, निर्वाचित हुने अवसर पाए पनि निर्णायक तहमा पुग्न नसकेका कारण सोचे अनुसार काम गर्ने धोको पूरा हुन नसकेको उनले सुनाइन्।

संविधानको धारा ३८ (४) ले राज्यका सबै निकायमा महिलालाई समानुपातिक समावेशी सिद्धान्तका आधारमा सहभागी हुने हक प्रदान गरेको छ। यो त्यस्तो मौलिक हक हो, जसका आधारमा नेपालका महिला आफ्नो जनसंख्याको अनुपातमा (अर्थात ५१ प्रतिशतको अनुपातमा) राज्यको हरेक अंगमा सहभागी हुनसक्छन्। राज्यका सबै निकायमा महिलाको समावेशिताका सम्बन्धमा यो निकै प्रगतिशील प्रावधान हो, जुन एसियाको कुनै पनि मुलुकको संविधानमा भेटिँदैन। विश्वका पनि कमै मुलुकमा मात्र यस्तो प्रगतिशील संवैधानिक व्यवस्था रहेको छ। तर विडम्वना महिलाको पक्षमा बनेका यी सबै हक अधिकार कागजमा मात्र सिमित हुन पुगेको र व्यवहारमा कार्यान्वयन हुन नसक्दा महिला सधैं पुरुष नेताको कार्यकर्ताकै रुपमा रहनु परेको नेता मञ्जु भुसालको भनाइ छ।

राजनीतिमा महिला सहभागिता भए पनि महिलाहरूको अस्तित्व स्वीकार नगरिँदा र उनीहरूलाई विश्वास नगरिँदा निर्याणक तहमा पुग्न नसकेको र पुगेको महिलाहरुको कुरा पनि नसुनिने गरेको भुसाल बताउछिन्। "पुरुष नेतालाई आफ्नो अधिकार कटौती हुने डर हुँदोरहेछ। त्यही कारण उहाँहरूले महिलाहरूलाई अगाडि बढ्नै दिनुहुन्न" उनले सुनाइन्।

विद्यार्थी जीवनदेखि नै राजनीति शुरु गरेकी भुसालले २०५१ सालदेखि पुरुष उम्मेवारका लागि मत मागेको अनुभव सुनाइन्। उनलाई पनि अहिलेसम्म आफनो लागि मत माग्ने अवसर जुरेन। सायद म महिला भएकै कारण त्यो दिन आएन" उनले असुन्तुष्टि व्यक्त गरिन्।

सरिता श्रीष

मुलुकमा धेरै पटक राजनैतिक परिर्वतन भए। परिर्वतनको संवाहकको रुपमा रहेका राजनैतिक दलहरूको मानसिकता र सोच भने परिर्वतन नभएका कारण योग्यता, क्षमता, लगनशिलता हुँदाहुदै पनि महिलाहरू पार्टीको उच्च तहमा पुग्नबाट रोकिए- यो वा त्यो बहानामा। नेता सरिता श्रीष देशमा राजनीतिक परिर्वतन भए पनि राजनीतिमा परिर्वतन नहुँदा महिलालाई हेर्ने दृष्टिकोण पनि संकुचित नै छ भन्छिन्।

रुपन्देही जिल्लाको करहैया गाउँ कमिटीको उपाध्यक्षबाट राजनैतिक जीवनको शुरुआत गरेकी श्रीषले युवा संघ रुपन्देहीको जिल्ला अध्यक्ष हुँदै केन्द्रिय सदस्यको जिम्मेवारीमा छन्। उनी भन्छिन, "पार्टीको निर्णायक तहमा महिलालाई पुग्न नदिइनु भनेको लिंगका आधारमा हुने भेदभाव हो। यस्तो विभेद कायम रहेसम्म महिलाले समान अवसर पाउन सक्दैनन्।"

> संविधानको धारा ३८ (४) ले राज्यका सबै निकायमा महिलालाई समानुपातिक समावेशी सिद्धान्तका आधारमा सहभागी हुने हक प्रदान गरेको छ। यो त्यस्तो मौलिक हक हो, जसका आधारमा नेपालका महिला आफ्नो जनसंख्याको अनुपातमा (अर्थात ५१ प्रतिशतको अनुपातमा) राज्यको हरेक अंगमा सहभागी हुनसक्छन्। राज्यका सबै निकायमा महिलाको समावेशिताका सम्बन्धमा यो निकै प्रगतिशील प्रावधान हो, जुन एसियाको कुनै पनि मुलुकको संविधानमा भेटिँदैन। विश्वका पनि कमै मुलुकमा मात्र यस्तो प्रगतिशील संवैधानिक व्यवस्था रहेको छ। तर विडम्वना महिलाको पक्षमा बनेका यी सबै हक अधिकार कागजमा मात्र सिमित हुन पुगेको र व्यवहारमा कार्यान्वयन हुन नसक्दा महिला सधैं पुरुष नेताको कार्यकर्ताकै रुपमा रहनु परेको नेता मञ्जु भुसालको भनाइ छ।




# सतासी सदस्य प्रेस नेपाल घोषणा

विराटनगर। मधेशी जनअधिकार फोरम नेपाल पार्टीको नाम पविर्तन गर्दै संघिय समाजवादी फोरम नेपाल हुँदै संघिय पार्टी भए संगै पार्टीको भातृ संगठनको रुपमाका गर्दै आएका पत्रकारहरको संगठनको नामपनि प्रेस फोरम, संघिय प्रेस हुँदै अहिले सो पत्रकारहरुको संगठन काठमाण्डौमा एक बृहत भेलाको आयोजना गरी प्रेस नेपाल' घोषणा गरिएको छ।

अहिले घोषणा गरिएको प्रेस नेपाल तत्कालिन संघीय प्रेस फोरम र प्रेस सोसाइटीबीच समायोजन गरी निर्माण गरिएको छ। समाजवादी पार्टीका संघीय परिषद अध्यक्ष डा. बाबुराम भट्टराई, केन्द्रीय समिति अध्यक्ष उपेन्द्र यादव, वरिष्ठ नेता अशोक राईसहित नेताहरुको उपस्थितिमा प्रेस नेपाल घोषणा गरिएको भएको छ।

८७ सदस्य प्रेस नेपालको केन्द्रिय समितिको अध्यक्षमा केशव अर्याल रहेको छ भने उपाध्यक्षमा आतिशकुमार मिश्र, नातिकाजी महर्जन, कमन देवान, प्रल्हाद पोखरेल, मनोज ढोडारी छन् भने महासचिवमा विजय चाम्लिङलाई राखिएको छ। त्यसैगरी उपमहासचिवमा देबेन्द्र खापुङ, सचिवमा दिपेन्द्र रुम्दाली, मुकेशकुमार मिश्र, शाहीमान राई, योगेन्द्र प्रताप शाही, विदुर ढुंगेल, उज्वल पौडेल छन् भने कोषाध्यक्षमा पासाङ शेर्पा रहेका छन्।

१५ पदाधिकारीमध्ये अध्यक्ष अर्यालसहित उपाध्यक्ष पोखरेल, ढोडारी, सचिव शाही, ढुंगेल र पौडेल गरी ६ जना प्रेस सोसाइटीबाट हुन् भने बाँकी ९ पदाधिकारी संघीय प्रेस फोरमबाट रहेका छन्।

त्यसैगरी सदसयहरु : मनोजकुमार यादव, अभरेन्द्र यादव, अशोक गुरुङ, उमेश दुबे, तिजेन्द्रसिंह दनुवार, जेबी दर्लामी, देशराज नेम्वाङ, नविन चौधरी, प्रियासिंह थारु, प्रेमचन्द्र झा, प्रेरणा शाक्य, फिपराज बेघा, मुकेशकुमार यादव, बख्तियार अली, विजय कुसुवा, वैजनाथ यादव, भोला पासवान, रश्मी बलम्पाखी, रविन्द्र साह, राजिव लामिछाने, राम लावती, राम योङहाङ, रामचन्द्र लोहार,

वांकी अन्तिम पेजमा...

**सुचना सुचना सुचना**

८

**जाडो मौसममा आगो बाल्दा निसासिने र आगलागीका घटनाहरू हुन सक्ने भएकोले :**

१. आगो बाल्दा झ्यालको भेण्टिलेशन खुला राखौं।
२. जाडो मौसममा सुरक्षित ठाउँ यकिन गरेर मात्र आगो बालौं, जथाभावी आगो नबालौं।
३. जाडो मौसममा अति प्रज्वलनशील पदार्थहरू (ग्याँस, पेट्रोल, डिजेल जस्ता) भण्डारण तथा बिक्रीवितरण कक्ष वरपर आगो नबालौं।
४. आगलागीका घटना घटेमा महिला, बालबालिका, वृद्धवृद्धा तथा अशक्तहरूको सुरक्षामा विशेष ध्यान दिऔं।
५. आगलागीको घटना कुनै पनि बेला घट्ने भएको हुँदा पानीका स्रोतहरू चालु अवस्थामा राखौं।

नेपाल सरकार
सञ्चार तथा सूचना प्रविधी मन्त्रालय
सूचना तथा प्रशारण विभाग

## नगरवासीमा अनुरोध

- मिसावट गरिएका, सडेगलेका तथा अस्वस्थकर खाने कुराहरू नखाऔं।
- उपभोक्ता हीत संरक्षणमा चनाखो बनौं।
- छाला भएको मासु नखाऔं र बिक्री वितरणमा समेत निरूत्साहित गरौं।
- अखाद्य रंग प्रयोग गरेका खाद्य पदार्थहरूको उपभोग बहिस्कार गरौं।
- छाडा चौपायाको नियन्त्र गरौ, घरपालुवा चौपायाहरू छाडा नछाडौं।
- सडक तथा पेटिकिनारामा आवागमनमा अवरोध हुने गरी निर्माण सामाग्री नराखौं तथा व्यापार व्यवसाय नगरौं।
- बसोबास स्थल, टोलमा व्यवसायीकरूपमा पशुपालन कुखुरा पालन गर्दा छरछिमेकमा असर नपर्ने गरी पालौ।
- सवारी साधनहरू तोकिएको स्थानमा मात्र पार्किङ गरौ।
- बालबालिकालाई काममा हैन विद्यालय पठाऔं।
- बालश्रम शोषणविरूद्ध आचारसंहिता पालना गरौं बालश्रम शोषण मुक्त नगरको स्थापना गरौं।
- सार्वजनिक स्थलमा जताततै फोहरमैला नफालौं।
- आफ्नो घर वरपर बिरूवा रोपौं, हरित गाउं नगरीको रूपमा विकास गरौ

**सुनवर्सी नगर पालिकाको कार्यालय मोरंग**

Generated by Foxit PDF Creator © Foxit Software
http://www.foxitsoftware.com For evaluation only.



# जहदा गाउँपालिकामा पिछडावर्ग उत्थानको लागि तालिम

विराटनगर । नेपाल पिछडा वर्ग (ओविसी) मा पर्ने जातिहरुको उत्थानका लागि मोरंगको जहदा गाउँपालिकाको चारवटा वडाहरुमा पिछडा वर्ग (ओविसी) तथा नेतृत्व विकास जनचेतना मूलक तालिम सम्पन्न भएको छ ।

जहदा गाउंपालिकाको आर्थिक सहयोगमा जहदा गाउंपालिको वडा नं. ५, ४, २ र ७ मा प्रत्येक वडामा दुई दिन तालम संचालन गरिएको थियो । उक्त तालिममा नेपाल पिछडा वर्गमा पर्ने बढई, कुशवाह, कुर्मी, कुम्हार, कहार, कमार, केवट, कानू, कलवार, तेली, नुनिया, बजिया, भेडिहर, माली, मल्लाह, मुलमान, बरई, यादव, राजभर, राजधोव, रौनियार, लोहार, लोध, सुडी, सैनि, सोनार, हलुवाई, हजाम, अमात, केवरत, वर्णवाल, जोगिया, विन, बेलदार, कालावाज, बोट, वडै, लहेरा मध्ये, बढई, केवत, तेली, नुनिया, मुसलमान, अमात, यादव, राजभर, सुडी लगात जातिको महिला पुरुषहरुको सहभागिता रहेको थियो ।

उक्त चारैवाटा वडाहरुमा पिछडा वर्ग भनेको नेपाल सरकारले सुची कृत गरेको उच्चवर्ग, आदीवासी जनजाती र दलितमा नपर्ने जातिहरुको संगठनलाई पिछडा वर्ग भनिन्छ । पिछडा वर्गमा पर्ने जातिहरुको सुची, पिछडा वर्ग पछाडी पर्ने कारण, पिछडा वर्गको उत्थानको लागि भएको संघर्ष, पिछडा वर्गले स्थापना काल देखि गरेको उपलब्धी, पिछडा वर्गमा रहेको चुनौतीी, पिछडा वर्गको उत्थानको लागि पिछडावर्गमा पर्ने जातिहरुले गर्न सक्ने क्रियाकलाप, पिछडा वर्गको जातिको उत्थानको लागि संघिय सरकार, प्रदेश सरकार र स्थानीय सरकारसंग मिलेर गर्ने क्रियाकलापहरु, पिछडा वर्गले बोलिने



मगही भाषाको जानकारीका साथै पिछडावर्गको संस्कृती, पर्व र पहिरणको वारेमा मधेशी पत्रकार समाजका अध्यक्ष तथा मगही भाषा अभियन्ता श्याम सुन्दर सुतिहारले सहजीकरण गरेका थिए ।

त्यसैगरी पिछडावर्गको जातिहरुमा देखिएको पछौटे पनलाई हटाउन, राजनीतिमा पहुँच पुऱ्याउन, शिक्षाको विकास गर्न, समाजमा रहेको अन्धविश्वासलाई हटाउन, जातिहुनलाई वंश, भुगोल, संस्कृति, भाषा, पहिचान चाहिन्छ तर पिछडावर्गमा पर्ने जातिहरुको ती चीजहरुको खाजी गरी संरक्षणको आवश्यकता रहेका भन्दै राज्यको तथ्यांकमा सुचीकृत हुनु पर्ने, समाजमा जनचेतनाको विकास कसरी गर्ने भन्ने विषयमा सहभागीहरुलाई अखिल नेपाल पिछडा वर्ग ओविसी महासंघका जिल्ला अध्यक्ष जय प्रकाश महतोले सहजीकरण गरेका थिए ।

मगही भाषामा स्नाकोत्तर गर्ने शिक्षक देवानन्द महतोले पिछडावर्गका जातिजातिका मानिसहरु शैक्षिक, सांस्कृति, समाजिक, आर्थिक रुपमा कम्जोर रहेकोले शैक्षिक स्तरलाई वढाउनका लागि छोरा-छोरीलाई शिक्षा दिन, अध्ययन अध्यापनमा लगाउन भन्दै रोजगारी मूल्क शिक्षामा कसरी प्रवेश गर्न सकिन्छ, राज्यको सेवा सुविधामा कसरी भागीदरी लिन सकिन्छ, भन्ने वारेका सहजीकरण गरेका थिए ।

त्यसैगरी अर्को सहजकर्ता विजेन्द्र सिंहले पिछडावर्गमा रहेको अन्धविश्वा, अशिक्षा, लैङ्गिक विभेद, वेरोजगारी जस्ता समस्याले ग्रस्त रहेको पिछडावर्गको उत्थानको लागि नेपालको तराई मधेशमा छरिएर रहेको ३६ जातिहरुमा एकता कसरी ल्याउन सकिन्छ, अन्धविश्वा अटाउन शिक्षाका उज्यालो आवश्यक रहेको, वेरोजगारी हटाउन सीप मूलक शिक्षा कसरी लिन सकिन्छ, संस्कृतिक पर्वहरुको कसरी संरक्षण र सम्वर्द्धन गर्न सकिन्छ जस्ता विषयहरुमा तालिममा सहभागीहरुलाई सहजीकरण गरेका थिए ।

ती तालिमहरुको उद्घटन सत्रमा जहदा गाउंपालिकाका अध्यक्ष कैशाल प्रसाद मण्डल, उपाध्यक्ष सालो देवी साह, वडाका वडा अध्यक्ष तथा सदस्यहरुको समेत उपस्थिति रहेको थियो । सो तालिमको सम्पुर्ण व्यवस्थापन जनर्दन कामतले गरेका थिए भने प्रकाश इन्भेष्टमेन्ट प्रा.लि.का अध्यक्ष जय प्रकाश महतोको अध्यक्षतामा सम्पन्न भएको थियो ।




## सांसदहरूलाई...

टेलिभिजन र पत्रपत्रिका) मा आधारित नहुने र अनलाइन स्वतन्त्रतामा बन्देज लगाउन नमिल्ने तर्क गऱ्यो ।

अदालतले दिएको फैसला मननयोग्य छ - अभिव्यक्ति स्वतन्त्रता कुन माध्यमबाट व्यक्त भयो भन्ने कुराको कुनै अर्थ छैन । सार्वजनिक स्थलमा बोल्दा एउटा, रेडियो, टिभीमा बोल्दा अर्को र इन्टरनेटमा बोल्दा वा लेख्दा यसको सीमा अर्कै हुन सक्दैन ।

सांसदज्यूहरू, त्यसैले सामाजिक सञ्जालमा लेख्नेलाई कारबाही गर्न छुट्टै कानुन ल्याउन पाइन्न । कसैले कसैको गाली-बेइज्जती गऱ्यो भने अहिलेकै फौजदारी संहितामा स्पस्ट सजायको व्यवस्था छँदैछ । सामाजिक सञ्जाल प्रयोग गरेर कसैले गाली-बेइज्जती गऱ्यो भने थप कडा सजाय व्यवस्था त्यही संहिताले गरेको छ ।

७. सूचना प्रविधि विधेयकमा अभिव्यक्ति स्वतन्त्रताको विषय राख्नु पछाडिको नियत प्रस्ट छ - सरकारका काम र तौरतरिकालाई लिएर सामाजिक सञ्जालमा हुने विरोध हतोत्साही गर्ने । मानिसहरूलाई त्रसित बनाउने । सत्तामा बसेकाहरूलाई जिस्क्याउन, होच्याउन दुरुत्साहित गर्ने ।

यसका लागि छुट्टै कानुन मात्र बनाउन लागिएको छैन । छुट्टै अदालत पनि बन्नेछ-सूचना प्रविधि अदालत ।

त्यहाँ सरकारले चुनेका व्यक्ति न्यायाधीश हुनेछन् । अरू अदालतमा न्याय परिषद वा संवैधानिक परिषदले चुन्नेछ, सूचना प्रविधि अदालतमा भने सरकारले नै चुन्नेछ, सरकारले नै हटाउन सक्नेछ । एक हिसाबले त्यसले सरकारकै इकाईका रूपमा काम गर्नेछ । संरचनागत हिसाबले त्यो न्यायालयजस्तो हुने छैन ।

त्यसले अभिव्यक्ति स्वतन्त्रता जस्तो आमनागरिकको मैलिक अधिकारसँग जोडिएको विषयमा छानबिन गर्नेछ, सजाय दिनेछ ।

८. सांसदज्यूहरू, एकछिनका लागि मानौं-यो विधेयक कुनै पूर्वाग्रह राखेर आएको होइन । यसले सत्ताले मन नपराएका मान्छेलाई, सत्ताको निरन्तर आलोचना गर्नेलाई आफ्नो तारो बनाउने छैन ।

आमनेपालीले सामाजिक सञ्जाल मा एकअर्कालाई नजिस्क्याऊन, नहोच्याऊन, राम्रो व्यवहार गरून् भन्ने मनसायले नै यो कानुन ल्याइएको हो ।

के त्यसो गर्न सम्भव छ ? त्यो व्यवहारिक छ ?

सरकारी तथ्यांकअनुसार नेपालमा ९० लाखले फेसबुक, ६० लाखले टि्वटर, ४३ लाखले युट्युब चलाउँछन् । के यी सबै प्रयोगकर्तालाई 'मनिटर' गर्न सम्भव छ ? प्रहरीले कसले कसलाई जिस्क्यायो, होच्यायो भनेर अनुसन्धान गरेर मुद्दा लैजान आवश्यक छ ? सम्भव छ ?

मुलुकमा भएका जघन्य बलात्कार घटनाको अनुसन्धान गर्न नसकेर, शान्ति-सुरक्षा कायम गर्न धौधौ परेर प्रहरी हैरान छ । हामीलाई प्रहरी संख्या पुगेन भनेर प्रत्येक प्रहरी नेतृत्वको गुनासो छ ।

अब त्यही प्रहरी तानेर सामाजिक सञ्जालमा कसले कसलाई जिस्क्यायो, कसले कसलाई होच्यायो भन्ने अनुसन्धानमा लगाउने ?

अनि अदालत ?

सूचना प्रविधि अदालतले दिएको फैसला चित्त नबुझेपछि नागरिकले उच्च अदालतमा जान पाउने व्यवस्था छ । उच्च अदालतको फैसला चित्त नबुझे सर्वोच्च अदालत। हाम्रा अदालतहरूमा मुद्दाको चाप अहिले नै यति धेरै छ, मान्छेले दसौं वर्षसम्म न्याय पाएका छैनन् ।

अब सामाजिक सञ्जालमा कसैले लेखेको विषयमा पनि सरकारले आफैं मुद्दा लडेर अदालतको समय बर्बाद पारिदिने ?

९. सांसदज्यूहरू, अहिले पनि समय छ । 'फूल हाउस' मा आएपछि संसदले यो विधेयक फेरि पनि समितिमा पठाउन सक्छ। व्यापक परामर्श, व्यापक छलफल र यसको औचित्य र आवश्यकताका आधारमा संशोधन गरेर फेरि हाउसमा फर्काउन सक्छ ।

त्यसो गर्नुभयो भने जनप्रतिनिधिका रूपमा तपाईंहरूले आफ्नो जिम्मेवारी गम्भीरतापूर्वक वहन गरेको मानिनेछ । सदनको मान रहनेछ। भोलि आउने अप्ठ्यारोबाट सरकार पनि जोगिनेछ । सेतोपाटी अनलाईन ।

**पानीको सही सदुपयोग गरौं । पानी महसुल समयमै तिरी अनावश्यक जरिवाना बाट बचौं ।**

नेपाल खानेपानी संस्थान शाखा कार्यालय देवकोटा चौक विराटनगर

# स्वास्थ्य

## जाडोमा कसरी बच्ने ?

जाडोलाई लक्ष्य गरी सस्तादेखि महँगा सबै किसिमका कपडा आउन थालेका छन् । त्यस्तै हिटर, वाटरब्याग, एसीलगायत सामानको पनि व्यापार पनि उकालो लागेको छ ।

जाडो लाग्दै छ । यो समयमा मानिसलाई दैनिक काम गर्न सजिलो पनि हुँदैन । चिसोले जुनसुकै बेला पनि स्वास्थ्यलाई असर गर्न सक्छ । प्राय: मानिसले जाडोबाट बच्न न्याना एवम् बाक्ला कपडा लगाउने गरेका छन् । तर कतिपय बेला बाक्ला स्वेटर वा ज्याकेट लगाएर बस्दा पनि उत्तिकै जाडो हुने गरेको हुन्छ ।

जाडोलाई लक्ष्य गरी सस्तादेखि महँगा सबै किसिमका कपडा आउन थालेका छन् । त्यस्तै हिटर, वाटरब्याग, एसीलगायत सामानको पनि व्यापार पनि उकालो लागेको छ । सामान्य फुटपाथदेखि सपिङ मलसम्म जाडो मौसममा लगाउने कपडा र प्रयोग गर्ने इलेक्ट्रिक सामानको व्यापार बढ्दै छ । यस्तो अवस्थामा कपडाले मात्र केही गर्दैन, चिसोबाट बच्ने अन्य उपाय पनि अपनाउनु राम्रो हुन्छ । हामीले यहाँ जाडोबाट बच्ने केही उपायबारे चर्चा गरेका छौं । अवश्य पनि ती उपाय तपाईंलाई उपयोगी हुन सक्छन ।

तातो खाना खानुहोस :

जाडोमा तातो खाना खाँदा त्यसले शरीरलाई फाइदा पुऱ्याउँछ नै । तातो खाना मात्र होइन, शरीरलाई भित्रैबाट गर्मी गराउने खालको खाना खानु बढी लाभदायी हुन्छ । स्वादका लागि मात्र तातो खानेकुरा खानु राम्रो होइन । जाडोमा चिसो खाना खानुभयो भने तपाईंको स्वास्थ्यलाई बढी असर गर्न सक्छ ।

अदुवा खानुहोस :

शरीरलाई गर्मी गराउने सबैभन्दा उत्तम उपाय अदुवा सेवन हो । यसले रुघाखोकीलगायतका चिसोबाट उब्जिने समस्या समाधान गर्छ । अदुवा चियामा हालेर होस् वा खानामा मसलाका रुपमा पनि प्रयोग गरेर सकिन्छ । जुनसुकै तरिकाबाट यसको सेवन गर्नाले चिसोबाट बच्न सकिन्छ । अधिकांश मानिसलाई चिसो मौसममा रुघाखोकीलगायत समस्या हुने गरेका छन् । अदुवालाई पोलेर पनि प्रयोगमा ल्याउन सकिन्छ ।

शरीरमा तेल लगाउनुहोस :

तेलको मालिस शरीरलाई गरम गराइराख्ने उपयुक्त प्रविधि हो । विशेषगरी तिल, जैतुन र तोरीको तेल शरीरमा मालिस गर्दा त्यसले राम्रो गर्छ । तेल लगाएर मसाज गर्नाले चिसो लाग्नबाट जोगाउनुका साथै शरीरलाई न्यानो पनि बनाइराख्छ । मानिसले तातो बिहानको घाममा तेल लगाई मालिस गर्ने चलन पनि छ । जोडाबाट बच्न यो विधि पनि उपयुक्त हुन्छ । बिहानीको घाममा बस्दा पनि जाडोबाट सुरक्षित हुन सकिन्छ ।

घाम अवश्य ताप्नुहोस :

घाममा भिटामिन डी पाइन्छ । जाडो याममा शरीर अल्छी हुन जान्छ । घाम ताप्नाले शरीरमा स्फूर्ति आउनुका साथै चिसोबाट पनि बचाउन मद्दत गर्दछ । त्यसैले जाडोमा घाम ताप्न नभुल्नुहोस् ।

मह सेवन गर्नुहोस :

जाडोमा मह खानु स्वास्थ्यका लागि धेरै फाइदाकारी छ । महमा आइरन पाइन्छ । यसले रोग प्रतिरोधात्मक क्षमता पनि बढाउँछ । साथै तन्दुरुस्तीका लागि पनि मह फाइदाजनक छ ।

कस्ता लुगा लगाउने ?

जाडो याममा ऊनीका बाक्ला ज्याकेट लगाउनु राम्रो हुन्छ । सवारीसाधनमा हिंड्दा अथवा गाडीमा यात्रा गर्दा शरीरमा हावा नपस्ने किसिमका लुगा लगाउनुपर्छ । बजारमा अहिले विभिन्न मूल्यका ज्याकेट, हुक र कोट उपलब्ध छन् ।

जाडोमा भुवायुक्त टिसर्ट, हाइनेक, लेदरको ज्याकेट पनि लगाउनु राम्रो हुन्छ ।

## हार्दिक अनुरोध

जन्मदर्ता बालबालिकाको पहिलो अधिकार हो । जन्म, विवाह, बसाई सराई, सम्बन्ध विच्छेद, मृत्यु दर्ता जस्ता व्यक्तिगत घटना समयमै दर्ता गरौं ।

**व्यक्तिगत घटना दर्ता कहाँ गर्ने ?**

- जन्म, मृत्यु, विवाह, बसाई-सराई र सम्वन्ध विच्छेद जस्ता व्यक्तिगत घटनाहरु घटेको ३५ दिन भित्र आफू बस्ने गाउँपालिकाका कार्यालयमा गई दर्ता गराउनु पर्छ ।

**कसरी गर्ने ?**

गाउंपालिकामा निशुल्क पाईने फारम भरी घटना घटेको मितिले ३५ दिन भित्र घटना दर्ता गराउनु पदंछ ।

**व्यक्तिगत घटना दर्ता कसले गराउने**

- जन्म तथा मृत्युको घटना दर्ता परिवारका मुख्य व्यक्तिले ।
- विवाह दर्ता, पति-पत्नी दुवैले ।
- सम्बन्ध विच्छेद, पति वा पत्नीले ।
- बसाई सराई, परिवार भए मुख्य व्यक्तिले र व्यक्ति भए बसाई सराई गरी जाने व्यक्तिले ।

केराबारी गाउँपालिकाको कार्यालय मोरंग